**सिद्धिचरण नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ओखलढुङ्गा**
**१ नं. प्रदेश, नेपाल**

# बोलपत्र आव्हान सम्बन्धि सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७५।१२।०७)**

यस कार्यालयद्वारा चालु आ.व. २०७५।०७६ मा तपसिल बमोजिमको निर्माण कार्य बोलपत्रद्वारा गराउनुपर्ने भएकोले इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको दरखास्त आव्हान गरिन्छ ।

१) बोलपत्र वापत लाग्ने दस्तुर (फिर्ता नहुने गरी) रु. ३०००।- (तीन हजार) यस कार्यालयको नाममा रहेको रा.बा. बैंक. ओखलढुंगास्थित यस कार्यालयको स्थानीय तह सञ्चित कोष खाता नम्बर २०७०३०४०१८१०२ मा जम्मा गरेको सक्कल भौचर, फर्म दर्ता प्रमाणपत्र, आ.व. २०७५।०७६ का लागि नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाणपत्र, स्वघोषणा पत्र र अन्य आवश्यक कागजातहरुको प्रतिलिपीहरु निवेदनसाथ संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालयय समयभित्र यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र फर्मको नाम, ठेक्का नं., कामको विवरण र काम गर्ने स्थान समेत प्रष्टसँग उल्लेख गरी बोलपत्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

३) यसरी दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्वन्धित फर्महरु समेतको रोहवरमा (प्रतिनिधि उपस्थिति नभए पनि) खोलिनेछ ।

४) बोलपत्रका साथ आफूले कबोल गरेको कबोल अंकको ३% (प्रतिशत) ले हुने रकम यस कार्यालयको नामको राष्ट्रिय वाणिज्य बैंक ओखलढुंगास्थित स्थानीय तह सञ्चित कोष खाता नम्बर २०७०३०४०१८१०२ मा सम्बन्धित फर्मको नामबाट जम्मा गरेको सक्कल भौचर वा स्वीकृत प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र दाखिला हुने अन्तिम मितिबाट घटीमा १२० (एक सय वीस) दिनको ) मान्य अवधि भएको बैंक जमानत (Bid Bond) बोलपत्रका साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

५) बोलपत्रदाताले बोलपत्रमा संलग्न मूल्य अंकित परिमाण सूची (BOQ) को प्रत्येक आइटममा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गरेको हुनुपर्नेछ । दररेट र परिमाणबाट कुल रकम समेत उल्लेख गर्नुपर्नेछ र यसमा कुनै प्रकारको अंक गणितीय त्रुटी देखिएमा दररेट मात्र मान्य हुनेछ ।

६) अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दररेटलाई मान्यता दिइनेछ ।

७) कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुंने छैन ।

८) एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मले भरेर दर्ता गराउन पाउने छैन । साथै कार्यालयबाट खरिद गरेको सक्कल बोलपत्र फारम मात्र पेश गर्न पाइने छ ।

९) सिलबन्दी बोलपत्र फाराममा र यस सूचनामा लेखिएको कुराहरुको हकमा सोही अनुसार र सो मा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१०) यस सूचना बमोजिम बोलपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन कुनै प्रकारको सार्वजनिक विदा परेमा सोको लगतै भोलिपल्ट कार्यालय खुलेको दिनमा कार्यालय समयभित्र उक्त कार्यहरु हुनेछन् । साथै एकैदिन बोलपत्र खरिद र दर्ता गर्ने दुवै कार्य परेमा सो दिन दिनको १२:०० बजेसम्म मात्र उक्त कार्यहरु हुनेछन् ।

११) अन्य विस्तृत जानकारी को लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**तपसिल:**

| क्र. सं. | ठेक्का नं. | कार्य विवरण /स्थान | निर्माण कार्यको लागत अनुमान (भ्याट र कन्टिन्जेन्सी समेत) | जमानत रकम रु. | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४/०७५/०७६ | योग भवन निर्माण सि.न.पा. ओखलढुङ्गा | २२,९९,६२१।६२. | ६८,०००।- | ३,०००।- | क्रमागत: |

**प्रमुख प्रशासकीय अधिकृत**